# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ सा.प्र.म.शा.
च.नं. ८४८१

मिति २०७६/०३/१०

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०३/०९ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

(अर्जुन पौडेल)
शाखा अधिकृत

**बोधार्थः**

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्नु हुन ।

श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(... महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको ३०औं बैठकका निर्णयहरु

१. आ. व. २०७६/०७७ को नीति तथा कार्यक्रम चौथो नगरसभाको शुभारम्भ समारोहमा नगर प्रमुखबाट पेश गर्ने निर्णय गरियो ।

२. सबै वडाहरु र विषयगत समितिबाट प्राप्त विवरण एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भएको प्रस्तावका आधारमा तयार पारिएको आ. व. २०७६/०७७ को बजेट वक्तव्य (आय– व्ययको विवरण) नगर सभाको शुभारम्भ समारोहमा उपप्रमुखबाट प्रस्तुत गर्ने निर्णय गरियो ।

३. भरतपुर महानगरपालिकाको विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७६ पारित गर्ने निर्णय गरियो ।

४. विविध निर्णयहरु:

४.१ ट्रक पार्कका लागि ३ वर्षका लागि भएको ठेक्का सम्झौता विभिन्न व्यवधानका कारण आगामी आर्थिक वर्षदेखि निरन्तरता दिन नसकिने भनी प्राप्त निवेदनका सम्बन्धमा छलफल हुँदा ट्रक पार्कका लागि विभिन्न तीन स्थानमा जग्गा खोजी वा भाडामा लिई नयाँ ठेक्का प्रकृयामा जाने गरी यस अगाडि भएको ट्रक पार्क सम्बन्धी ठेक्का सम्झौताको म्याद २०७६ असार मसान्तसम्म मात्र कायम गर्ने निर्णय गरियो ।

४.२ लागत सहभागिता बढी दाखिला भएको देखिएका निम्नानुसारका उपभोक्ता समितिहरुलाई बढी भएको रकम फिर्ता दिने निर्णय गरियो ।

(क) भरतपुर महानगरपालिका वडा नं. १ दियालोरोड टोल विकास समितिलाई रु. ८,६९,६९४।१५

(ख) भरतपुर महानगरपालिका वडा नं. ७ एकता मार्ग पिच निर्माण उपभोक्ता समितिलाई रु. १८,४७५।-

(ग) भरतपुर महानगरपालिका वडा नं. १० लोकराज मार्ग पूर्वको वाटो मोज्याक टायल उपभोक्ता समितिलाई रु. ३१,२९७।२५

(घ) भरतपुर महानगरपालिका वडा नं. १२ कालिका मार्ग पिच निर्माण उपभोक्ता समितिलाई रु. ५,८२,०९३।–

४.३ Embassy of the Russian Federation, Kathmandu, Nepal, Russian Centre of Science and Culture को अनुरोधमा भरतपुर महानगरपालिका र The City of Sevastopol, Russia सँग भगिनी सम्बन्ध स्थापना गर्नको लागि प्रदेश तथा संघीय सरकारसँग अनुमती माग गर्ने निर्णय गरियो ।

Scanned by CamScanner